# *नवौं गाउँसभामा उपाध्यक्ष श्री देवि प्रसाद सिलवालज्यूद्धारा प्रस्तुत आ.व. २०७८।०७९ को आय व्याय विवरण*

**श्रीमान् गाउँ सभाका अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**

वेनीघाट रोराङ गाउँपालिकाको यस ऐतिहासिक नवौं गाउँ सभा समक्ष गाँउपालिकाको उपाध्यक्षको रुपमा विद्यमान विश्वव्यापी रुपमा कोभिड १९ को संक्रमणले गांजिरहेको यस विषम  परिस्थिति बीच आगामी आर्थिक बर्ष २०७८।०७९ को वार्षिक वजेट प्रस्तुत गर्न सभाध्यक्षज्यूको आदेशानुसार यस सभामा उभिएको छौं । यो सुअवसर प्रदान गर्नु हुने समग्र बेनीघाट रोराङ गाँउबासीहरु प्रति अत्यन्तै आभारी छौं । यस अवसरमा सर्वप्रथमतः मुलुकको सार्वभौमिकता, भौगोलिकता अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, र  स्वाभिमानको रक्षाका लागि भएका ऐतिहासिक जनआन्दोलनहरुमा साहदत प्राप्त गर्ने वीर सहिदहरु प्रति भावपूर्ण  श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै  उक्त जनआन्दोलनका घाईतेहरु प्रति हामी सिंगो बेनीघाट रोराङ गाँउपालिका बासी नतमस्तक छौं, ऋणि भएका छौं । सम्पूर्ण जनताले प्रत्याभूत गरेको जनताको ढुकढुकी रुपी स्थानीय सरकारको यो  नेतृत्वले  चौथो बर्ष पुरा गरिसकेको छ । हामिले निर्वाचनमा राखेका कयौं बाचाहरु पुरा गरेका छौ । हाम्रो कार्यकालको यो अन्तिम बर्ष जनताका बांकी आंकाक्षाहरु पूरा गर्न प्रतिबद्द छौं ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को संक्रमणको त्रासदीको कारण विश्वले एकै पटक मानवीय र आर्थिक संकटको सामना गर्नु पर्‍यो र एक पछि अर्के विभिन्न भेरियण्टका नाममा आक्रान्त भइ नै रहेका छौं । यो व्यथा हाम्रो सिंगो गाउंपालिकाले पनि व्यहोर्नु परिरहेको छ । कोरोना भाइरसको संक्रमणले हाम्रो गाउंपालिकामा धेरै दाजुभाइ,दिदिबहिनी तथा आमाबुवाहरुलाई सतायो र हाल पनि यसले थप समस्या निम्त्याइ रहेको छ । संक्रमणको कारणले ज्यान गुमाउनु हुने सबै सबै प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ,शोकाकुल परिबारजन प्रति समबेदना प्रकट गर्दै संक्रमित भई उपचाररत सबै सबै गाउंबासीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । यस्तो विकराल अवस्थामा पनि गाउंपालिकाले जनताको जिवन रक्षाको लागि कुनै कसरत बांकी राखेन । लक्षण देखिने वित्तिकै स्वाव संकलन गरी परीक्षण गर्ने र स्वास्थ्यमा गम्भिर समस्या देखिएका व्यक्तिहरुलाई अस्पताल सम्म पुर्‍याई उपचारको व्यवस्था मिलाउने कार्यमा गाउंपालिका निरन्तर डटिरह्यो र अझै पनि यहांहरुकै साथमा रहिरहेको छ ।

गतसालको बर्षायामको परिस्थिति हेर्दा हाम्रो गाउंपालिकालाई मात्रै यस्तो ठुलो विपत्ती आईपरेका हो कि भन्ने भान पनि हुन पुग्यो । अधिक लगानी गरी खनिएका बाटाहरु विग्रन पुग्यो । जनताको भौतिक बस्तुहरुको नास हुन पुग्यो । यस्तो विकराल अवस्थालाई पनि गाउंपालिकाले विभिन्न श्रोतको परिचालन गरी जनताको घाउहरुमा मलमपट्टी लगाइ रह्यो र विकासको गतिलाई पछ्याइ रह्यो ।

यस्तो भयावह अवस्थालाई पार लगाउने क्रममा आर्थिक संकटले भने गाँउपालिकालाई थप खुम्च्याएको छ । उत्तरमा पवित्र गंगा त्रिशुली देखी दक्षिणमा महाभारत श्रृखला सम्म वसोवास गर्ने विभिन्न, जात जाती, भाषा भाषी तथा धर्म सस्कृतिको फुलवारी यो वेनीघाट रोराङ गाउँपालिका भित्र देखिएको भौगालिक, सामाजिक, र आर्थिक पछौटेपनलाई आत्मसाथ गर्दै पूर्ण लोकतान्त्रिक पद्धतिका साथ स्थानीय सरकारको माध्यमबाट गाउं घर र जनताको  विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई  पूरा गर्न पांचौ वर्षको बजेट प्रस्तुत गरिरहँदा कोरोनाबाट नागरिकको जीवन रक्षा गर्ने र अर्थतन्त्रलाई गतिशील बनाउने गहन जिम्मेवारी बोध गरेको छौं ।

विगत चार वर्षको अथक प्रयास र अनुभवबाट हासिल भएको उपलब्धीको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीव्रता दिने मार्गमा कोरोना महामारीको कारण विगत दुई बर्षदेखि गाउंपालिकाको प्रगति र उन्नतिमा थप धक्का लागेको छ । यस बिषम परिस्थीतिमा गाँउपालिका प्रति सरोकार राख्ने सम्पुर्ण राजनीतिज्ञ, समाजसेवी तथा नागरीक समाज प्रति सहयोग र ऐक्यवद्धताले वर्तमान चुनौतिको सामना गर्न सकिन्छ भन्ने हामी स्थानीय सरकारको दृढ विश्वास छ । साथै आगामी दिनमा उल्लेखित चुनौतीहरु सामना गर्न सबैको सुझाव ,सल्लाहको लागि गाउंपालिका अपेक्षा राख्दछ ।  यस अवस्थामा सबै नेपालीको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र गाँउपालिकाको आर्थिक पक्ष सुदृढ बनाउन बजेटले टेवा पुऱ्याउने कुरा यहांहरुलाई आस्वस्थ बनाउन चाहन्छौं ।

**गाँउसभाका सभाध्यक्षज्यू ,**

अब म वेनीघाट रोराङ गाउपालिकाको आर्थिक बर्ष २०७८।७९ को लागि वार्षिक आय व्याय (वजेट) पेश गर्ने अनुमति चाहन्छौं ।

आर्थिक वर्ष २०७६।७७ मा कुल बजेट रु ६०,५६,८०,७३५।०० ( साठ्ठी करोड छपन्न लाख असी हजार सात सय पैंतिस रुपैंया) यथार्थ खर्च भएको मध्ये  चालु खर्च रु २९,९२,२८,७१४। ( उनन्तीस करोड बयानब्बे लाख अठ्ठाइस हजार सात

सय चौध) तथा पुँजीगत खर्च तर्फ रु ३०,६४,५२,०२०। ( तीस करोड चौसठ्ठी लाख बाउन्न हजार .वीस रुपैंया खर्च भएको छ ।

आर्थिक वर्ष २०७७७८ मा कुल बजेट रु ६८,०७,१२,५६६। ( अर्सठ्ठी करोड सात लाख बाह हजार पाँच सय छैसठ्ठी रुपैंया) आय भई सोही आय अनुसार खर्च हुने संशोधित अनुमान पेश गरेको छौं ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ चालु खर्च रु ४६,०३,८७,०००।- (छयालिस करोड तीन लाख सतासी हजार रुपैंया) र पुँजिगत खर्च रु ३३,५१,७०,४५७।- (तेत्तीस करोड एकाउन्न लाख सत्तरी हजार चार सय सन्ताउन्न रुपैंया) गरी कुल रु ७९,५५,५७,४५७।- (उनासी करोड पचपन्न लाख सन्ताउन्न हजार चार सय सन्ताउन्न रुपैंया) खर्च हुने अनुमान पेश गरेका छौं ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्ष २०७८।०७९ को प्रस्तावित आय व्याय प्रस्तुत गर्ने अनुमति चाहन्छौं । आगामी आर्थिक वर्ष २०७८।०७९ को लागि कूल **रु** ७९,५५,५७,४५७।- (उनासी करोड पचपन्न लाख सन्ताउन्न हजार चार सय सन्ताउन्न रुपैंया) खचको वजेट प्रस्ताव गरेको छौं ।

यस बजेटलाई क्षेत्रगत रुपमा आर्थिक विकासका लागि रु ३,१०,००,०००।०० (तीन करोड दश लाख), सामाजिक विकासका लागि रु ३०,३३,७४,०००।०० (तीस करोड तेत्तीस लाख चौहत्तर हजार), पुर्वाधार विकासका लागि रु २७,६९,५०,०००।०० ( सत्ताइस करोड उनान्सत्तरी लाख पचास हजार), वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि रु ३,१७,००,०००।०० ( तीन करोड सत्र लाख), संस्थागत विकासका लागि रु ३,५५,७७,०००।०० (तीन करोड पचपन्न लाख सत्तहत्तर हजार) र प्रशासनीक तथा कार्यालय संचालन तर्फ रु ११,६९,५६,४५७।०० (एघार करोड उनन्सत्तरी लाख छपन्न हजार चार सय सन्ताउन्न) विनियोजन गरेको छौं । संघीय हस्तान्तरीत कार्यक्रमका लागि रु २३,१५,००,०००।- (तेइस करोड पन्ध्र लाख ) प्रदेश सरकारवाट हस्तान्तरीत कार्यक्रम संचालनका लागि रु ४,७२,८४,०००।०० ( चार करोड बहत्तर लाख चौरासी हजार) व्यवस्था गरीएको छ ।

खर्च व्यहोर्ने श्रोतहरुमा नेपाल सरकारवाट प्राप्त हुने वित्तीय सामानीकरण अनुदान रु १६,४७,००,०००।- (सोह करोड सच्चालीस लाख), शशर्त अनुदान रु २४,७९,००,०००।- (चौविस करोड उनासी लाख ) विशेष अनुदान रु १,९१,००,०००।०० ( एक करोड एकानब्बे लाख) र मुल्य अभिवृद्धी तथा अन्त शुल्क बापत नेपाल सरकारबाट राजश्व बाँडफाँड रु ९,१७,३३,०००।०० ( नौ करोड सत्र लाख तत्तीस हजार) ,मालपोत शुल्क बापत रु.२५,००,०००। (पच्चिस लाख ),खानी तथा रोयल्टी बापत रु. १०,००,०००। (दश लाख) तथा प्रदेश सरकारवाट वित्तीय सामानीकरण अनुदान रु १,४५,११,०००।- (एक करोड पैंतालिस लाख एघार हजार रुपैंया), शशर्त अनुदान रु १,८७,१९,०००।०० ( एक करोड सतासी लाख उन्नाइस हजार), बिशेष अनुदान रु ३०,००,०००।०० (तीस लाख), साना सवारी कर वापत प्रदेश सरकाबाट प्राप्त हुने आय रु २,५२,२३,४५७।०० (दुइ करोड बाउन्न लाख तेइस हजार चार सय सन्ताउन्न) र समपुरक अनदान रु २,०७,०६,०००।०० (दुई करोड सात लाख छ हजार) आय हुने प्रक्षेपण गरेको छौं । साथै गाँउपालिकाको आन्तरीक स्रोत तर्फ रु १५,५९,६५,०००।०० ( पन्ध्र करोड उनन्साठ्ठी लाख पैंसठ्ठी हजार) र अन्य निकायबाट प्राप्त हुने रकम रु. सात लाख आय हुने प्रस्ताव गरेको छौं । यसका लागि गाउको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई फराकिलो बनाउन, सहभागितामूलक कर नीति अवलम्बन गरि आन्तरीक आयको वृद्धि गर्ने गरी विभिन्न कर, शुल्क दस्तुर हरुको प्रस्ताव गरेको छौं, ।

यसरी वेनीघाट रोराङ गाउँपालिकालाई देशकै नमुना गाउँपालिकाको रुपमा स्थापित गर्ने परिकल्पनालाई साकार पार्न आवश्यक भौतिक पूर्वाधार बिकास निर्माण, आर्थिक विकास, कृषि तथा पशु, सामाजिक विकास, विपद व्यवस्थापन साथै अनुशासन तथा सुशासनका क्षेत्रहरुलाई सुधार गर्न मुख्य प्राथमिकतामा राखी श्रीमान अध्यक्षज्यू मार्फत सभा समक्ष प्रस्तुत नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्षेत्रहरुमा आवश्यक वजेटको व्यवस्था गरेका छौं ।

**कृषि, शिक्षा, स्वास्थ्य, रोजगार, र पूर्वाधार : सम्वृद्ध बेनीघाट रोराङको आधार** भन्ने सोचलाई साकार पार्न यस गाँउपालिका भित्र व्यवसायिक कृषि कार्यलाई प्रर्वद्धन गरी स्वरोजगार बन्नका लागि कृषक संग अध्यक्ष कार्यक्रम मार्फत विभिन्न कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । रोजगारका अवसर सिर्जना गर्नका लागि गाँउपालिका भित्र साना, मझौला तथा ठुला उद्योग स्थापनाका साथै बहुराष्टीय कम्पनी स्थापना र प्रबर्दनलाई प्राथमिकतामा राखी, त्यस्ता उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार निर्माणका लागि आवश्यक यथेष्ट बजेटको विनियोजन गरेको छौं । साथै सम्पूर्ण गाउँपालिकावासीमा आ- आफ्नो कर्तव्य र जिम्मेवारी वोध गराइ अनुशासित, लगनशिल, परिश्रमि वनाउन सहयोग पुर्याउने लक्ष्यका साथ विभिन्न कार्यक्रमका माध्यमबाट आय आर्जनका लागि कृषि पकेट विकास कार्यक्रमका लागि आवश्यक वजेटको व्यवस्था गरेका छौं ।

यसका साथै गाउंपालिकाको आर्थिक उन्नतिको प्रमुख आधार नै कृषि क्षेत्र रहेको सन्दर्भमा कोभिड १९ को प्रकोपबाट पिडित कृषकहरुको व्यवसायलाई गतिशील बनाउन, गाउंपालिका भित्र बाँझो रहेका व्यक्तिगत तथा सार्बजनिक खेतीयोग्य जमिनलाई

सदुपयोग गरी सामूहिक कृषि खेतीमा आकर्षित गर्न, व्यवसायिक तरकारी खेतीलाई प्रबर्दन गर्न, एक गाउं एक उत्पादन कार्यक्रमलाई मुखरित गर्न,कृषि सहकारीहरुलाई प्रबर्दन गर्न विभिन्न अनुदान सहितको कृषि कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेका छौं । यस गाउंपालिका भित्रका पशुपालक कृषकहरुलाई थप प्रबर्दन गर्न कम्तीमा ५ वटा दुहुना गाई वा भैंसी पालन गरी दुग्ध उत्पादन गर्ने कृषकहरुलाई बढीमा डेढ लाख र १० भन्दा बढी दुहुना गाइ भैंसी भएका किसानहरुलाई ३ लाख सम्मको अनुदानको लागि आवश्यक बजेटको व्यवस्था मिलाएका छौं ।

सबै क्षेत्रहरुको जननी शिक्षा नै हो भन्ने कुरालाई हामीले उच्च प्राथमिकतामा राखेका छौं । शिक्षामा सवैको अधिकार स्थापित गर्न गाउँपालिका भित्र रहेका शैक्षिक सस्थाहरुको भौतिक तथा शैक्षिक विकासका लागि विभिन्न कार्यक्रममा आवश्यक वजेट विनियोजन गरेको छौं । गाउपालिका भित्रका वालविकास कोटा नभएका सामुदायिक विद्यालयमा वालकोटाको लागि आवश्यक वजेट व्यवस्था गरेको छौं । विद्यालय जगको आधारस्तम्भको रुपमा रहेका गाउंपालिका भित्रको सबै बालबिकास सहजकर्ताहरुको पारिश्रमिक नेपाल सरकारले भने बमोजिम बृदि्द गरी रु. १५ हजार पुर्‍याएको छौं । साथै विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी न्युन रहेका विद्यालयमा शिक्षकको पारिश्रमिकका लागि आवश्यक अनुदानको व्यवस्था गरेको छौं । गाँउपालिका भित्रको शैक्षिक गुणस्तर वृद्धि र विद्यालय पुर्वाधार विकासका लागि थप बजेटको व्यवस्था गरेको छौं । विद्यार्थीहरुलाई स्थानीय परिवेससँग परिचित गराउन स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि वजेट विनियोजन गरेको छौं । नतिजामा आधारित प्रोत्साहन मार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरुको मनोवल वढाउनका निम्ति शैक्षिक बढोत्तरीका लागि आवश्यक वजेट छौंट्याएको छौं ।

विद्यालय कर्मचारीको पारिश्रमिकमा बृदि्द गरेको छौं । सूचकमा आधारित विद्यालयको मूल्यांकन गरी ग्रेडिङ गर्ने व्यवस्था गरेको छौं । विपन्न र जेहन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था मिलाएको छौं । बालबालिकासंग- अध्यक्ष न्यानो माया कार्यक्रमको लागि बजेटको व्यवस्था गरेका छौं । शिक्षा प्रबाह गर्ने मुख्य थलो भनेकै कक्षाकोठा हो । कक्षाकोठाको नायक भनेकै शिक्षकहरु हुन । उनीहरुलाई शिक्षण प्रति बढी जवाफदेही र जिम्मेवार बनाउन नतिजामा आधारित शिक्षक केन्द्रित प्रोत्साहन कार्यक्रमहरुको प्रबन्ध मिलाएको छौं । एक विद्यालय एक कम्प्युटर कार्यक्रमलाई प्राथमिकतामा राखेको छौं । अनिबार्य अवकाश प्राप्त शिक्षकहरुको सम्मानको लागि आवश्यक व्यवस्था मिलाएको छौं । करार शिक्षक नियुक्ति गर्दा विद्यालयले गरिरहेका भारबहनलाई अन्त्य गरेको छौं । क्याम्पसहरुको भौतिक पूर्बाधारलाई थप व्यवस्थित गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छौं । गाउंपालिकास्तरीय विषयगत समित र युवा तथा खेलकूद विकास समितिहरुको सक्रियताको लागि रकम छौंट्याएको छौं । कोरोना संक्रमणको कारणले शिक्षा क्षेत्रलाई अझै केही समय अफठ्यारोमा पार्न सक्छ भन्ने हेतुले बैकल्पिक प्रणालीको माध्यमबाट सिकाई सहजीकरण निर्देशिका कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन गरेको छौं । नेपाल टेलिकमको सहकार्य र साझेदारीमा सबै आधारभूत विद्यालयहरुमा इन्टरनेट सेवा पुर्‍याउने व्यवस्था मिलाएको छौं । संघीय सरकार र प्रदेश सरकारबाट शिक्षा क्षेत्रमा प्राप्त भएको बजेटमा यस पालिकाबाट २१ प्रतिशतले हुन आउने रकम रु.४ करोड ३६ लाख ४३ हजार थप गरी समग्रमा शिक्षा क्षेत्रको उन्नयन र बढोत्तरीको लागि रु. २४ करोड ९७ लाख ९४ हजार बिनियोजन गरेको छौं ।

सामाजिक सुरक्षा तथा संरक्षणका माध्यमबाट स्थानीय सरकारको प्रत्याभुतिका लागि जेष्ठ नागरिक सम्मान तथा सुरक्षाका लागि सामाजिक सुरक्षा तथा संरक्षणको लागि रकम विनियोजन गरेको छौं । अपाङ्ग लक्षित कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छौं । आदिवासी तथा जनजाती लक्षित कार्यक्रम, दलित लक्षित कार्यक्रम, साँस्कृतिक संरक्षणका कार्यक्रम, महिला तथा वाल विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छौं । सामाजिक न्याय पुर्नस्थापनाका लागि मेलमिलाप केन्द्र व्यस्थापनका लागि बजेट विनियोजन गरेको छौं । शान्ति सुरक्षा, अमन चयन कायम गरी प्रहरीसँग हातेमालो गर्दै दिगो शान्ति कायमका लागि सामुदायिक प्रहरी साझेदारी कार्यक्रमका लागि बजेट विनीयोजन गरिएको छ ।

**स्वस्थ नागरिक सम्वृद्ध गाउँपालिकाको आधार** भन्ने मान्यतालाई साकार पार्न स्वास्थ तथा सरसफाई क्षेत्रको विकासमा विभिन्न निकायलाई परिचालित गरि स्वास्थ्य संस्था र स्वास्थ्य कर्मीहरुको क्षमता विकासको लागि आवश्यक वजेटको व्यवस्था गरेका छौं । साथै साझेदार सस्थाहरुको साझेदारीमा सामुदायिक सरसफाई तथा पोषण प्रवद्धनका कार्यक्रम सञ्चालनको लागि वजेट विनियोजन गरेको छौं । गाँउपालिकावासीलाई आवश्यक व्लड व्यवस्थापनका लागि रेडक्रससँग साझेदारीका लागि थप बजेटको व्यवस्था गरेको छौं । सुत्केरी आमाको घरमै रु. १ हजारको पोषण उपहार पुर्‍याउने तथा नव शिशुका लागि थप न्यानो कपडा वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छौं ।

मातृ तथा नवशिशु मृत्युदर घटाउनका लागि ग्रामिण अल्ढासाउण्ड कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छौं । खोपबाट बचाउन सकिने रोग नियन्त्रणको लागि पालिका स्तरीय खोप भण्डारणका लागि वजेट विनियोजन गरिएको छ । यस गाउंपालिकाको वडा नं. ६ को स्यादुलमा स्वास्थ्य चौकी निर्माण गर्न , वडा नं. ५ को बेनीघाटमा १० शैयाको आधारभूत अस्पताल निर्माण गर्न, कोभिड १९ को प्रकोप नियन्त्रण र न्यूनीकरण गर्न , प्रयाप्त मात्रामा औषधीको व्यवस्थापन गर्न र

स्वास्थ्य क्षेत्रमा अहोरात्र खटिएका महिला स्वास्थय स्वयंसेविका तथा  स्वास्थकर्मीहरुको मनोबल उच्च निश्चित रकम सहित प्रोत्साहन भत्ता लगायतका विभिन्न कार्यक्रमहरु सहित संघ तथा प्रदेश सरकारबाट प्राप्त भएका कार्यक्रमहरुका लागि प्राप्त बजेटमा गाउंपालिकाको तर्फबाट ३६ प्रतिशतले हुन आउने रकम १ करोड १६ लाख ६२ हजार बृदि गरी स्वास्थ्य क्षेत्रमा कूल ४ करोड ३५ लाख ८० हजार  विनियोजन गरेका छौं ।

नागरिक सचेतना अभिवृद्धि गर्नका लागि संचार क्षेत्रसँग साझेदारी कार्यकमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छौं । युवा तथा खेलकुद विकासका लागि बजेटको विनियोजन गरिएको छ ।

स्वच्छ खानेपानी तथा सरसफाईको मर्मलाई उच्च प्राथमिकता दिई गाउँपालिकाको विभिन्न खानेपानी योजना सञ्चालन गरि शुद्ध खानेपानी प्रत्याभुतीका लागि आवश्यक बजेट विनियोजन गरेको छौं । साथै खानेपानीको क्षेत्रमा कार्यरत संघ सस्थाहरुसंग साझेदारीका लागि विशेष प्राथमिकता दिएको छौं ।

धार्मिक सम्पदा तथा साँस्कृतीक संरक्षणका लागि गाउक्षेत्र भित्रका सवै जातजाति, धर्म सम्प्रदाय, भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्यक्रमलाई प्राथमिकता दिएको छौं, विभिन्न मठ मन्दिर, चर्च, गुम्वा, आदिको निर्माण तथा संरक्षणका लागि आवश्यक वजेट व्यवस्था गरेको छौं ।

व्यवस्थित सडक सञ्जाललाई विकासको मुख्य आधारशीला मान्दै गाउँपालिका भित्र रहेका सडकहरुको स्तरोन्नती तथा अन्य आवश्यक स्थानमा नया सडक निर्माणको लागि आवश्यक वजेट विनियोजन गरेको छौं । सडक निर्माण गर्दा अनिवार्य रुपमा नाला संगै निर्माण गर्नुपर्ने तथा सडक निर्माण मापदण्डलाई पूर्ण पालन गर्नुपर्ने व्यवस्था मिलाएको छौं ।

विद्युत सेवा नपुगेका गाउँवस्तिहरुमा विद्युत सेवा विस्तारको लागि आवश्यक व्यवस्था मिलाएको छौं भने राजमार्ग तथा विभिन्न कार्यालयहरुमा सौर्य उर्जा जडानका कार्यकम विस्तारका लागि आवश्यक सम्बोधन गरेको छौं ।

गाउपालिका कार्यालयको अधुरो भवन निर्माण तथा वडा कार्यालयको भवन निर्माण गरी सहज ढंगवाट सेवाप्रवाह प्रभावकारी बनाउनका लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छौं ।

स्वच्छ त्रिशुली नदी हाम्रो अभियान तथा पर्यटन विकासकाका लागि पृथ्वी लोकमार्ग र त्रिशुली जलमार्गको विकास गर्दै पर्यटन प्रवर्द्धन तथा गाउँपालिकाको सौन्दर्य अभिवृद्धिका लागि विभिन्न सस्थाहरुको सहकार्यमा कार्यक्रम सञ्चालनको कार्यकमलाई निरन्तरता दिईने छ । पर्यटन पर्वद्धनका लागि नोहक गुफा व्यवस्थापनका लागि निरन्तरता दिई आवश्यक बजेट व्यवस्था मिलाइएको छौं ।

गाउंपालिकाको प्रशासकीय भवन तथा सबै वडा कार्यालयहरुको भवन निर्माण सम्पन्न गर्ने नीति अनुरुप वडा नं. ६ को वडा कार्यालय निर्माण गर्न र  गाउंपालिकाको निर्माणाधीन भवन सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएका छौं ।

संघीय सरकारले लिएको नीति तथा कार्यक्रम अनुसार यस पालिकामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्न रु.दुइ  हजारका दरले तबल बृदि गरी बर्षको एक पटक दश दिनको पारिश्रमिक सहित पर्यटन काज , कार्यक्षमता र अतिरिक्त समय कार्य गरेको आधारमा प्रोत्साहन स्वरुप अतिरिक्त भत्ताको लागि आवश्यक बजेटको व्यवस्था गरेका छौं ।

कोरोना भाइरस संकमण फैलिएको बिषम परिस्थितिमा यसबाट गाउँपालिकामा हुन सक्ने महामारी तथा संकमण र भविष्यमा आउन सक्ने विभिन्न विपद् व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषको बढोत्तरी साथै व्यवस्थापकीय कार्यका लागि आवश्यक बजेटको व्यवस्था मिलाएका छौं ।

**सभाका सभाध्यक्षज्यू**

यस वेनीघाट रोराङ गाउँपालिकाको आ.व. २०७८।०७९ को प्रस्तावित आय व्याय, आय व्यायको वर्गिकरण तथा कर दस्तुर, शुल्कको प्रस्तावलाई अनुसूचीहरुमा संलग्न गरेको छौं ।

यो वजेट तयारी र निर्माणमा महत्वपूर्ण राय सल्लाह तथा सहयोग प्रदान गर्नु हुने वेनीघाट रोराङ गाउँपालिकाका श्रीमान अध्यक्षज्यू, वजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्युहरु, वडा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउपालिकाका शाखा प्रमुखहरु सहित सम्पूर्ण कर्मचारीहरु, वडा सचिव लगायत वडा कार्यालयका कर्मचारीहरु, अन्य सरकारी कार्यालयका कर्मचारीहरु, शिक्षक, विभिन्न संघ सस्था, उद्योगी, व्यवसायी लगायत विभिन्न तर र तप्का तथा समस्त वेनीघाट रोराङ गाउँवासीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं । अन्तमा यो वजेटको सार्थक कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, विभिन्न संघ सस्था, उद्योगी, व्यवसायी लगायत समस्त गाउंबासीहरुबाट पूर्ण साथ र सहयोग पाउने अपेक्षा लिएको छौं । गाँउपालिकालाई सबल, समृद्ध, जनताको ढुकढुकी तथा न्यायपूर्ण गाँउपालिका निर्माण गर्ने गौरवपूर्ण यात्रामा सबै सबैको अर्थपूर्ण सहभागिताका लागि हार्दिक आह्वान गर्दछौं ।

**धन्यवाद ।**